आ. च. नः२०२/०७९/८०

मितिः २०८०/०३/१९

# काठमाडौं स्कुल अफ ल

सुर्यविनायक ०४, भक्तपुर

## शैक्षिक सत्र २०८०/८१ को निम्ति बि.ए. एल.एल.बि (B.A. LL.B.) तहमा भर्ना पुर्व अनुशिक्षण (ORIENTATION) कार्यक्रम सम्बन्धी सूचना

पूर्वाञ्चल विश्वविद्यालयसबाट सम्बन्धन प्राप्त यस काठमाडौं स्कुल अफ ल को नयाँ सत्र २०८०/८१ को लागी बि.ए. एल.एल.बि **(B.A. LL.B.)** तहमा भर्नाको निम्ति प्रवेश परीक्षा सम्बन्धी अनुशिक्षण (ORIENTATION) सत्र सञ्चालन हुने व्यहोरा सम्बन्धित सबै माझ सूचित गरिन्छ। मिति २०८० असार २६ गते मंगलबार बाट सूचार भई विश्वविद्यालयको भर्ना सम्बन्धी आधिकारिक सूचना नआउँदासम्म सो सत्र सञ्चालन हुनेछ।

अनुशिक्षण (ORIENTATION) कार्यक्रममा कानून अध्ययनको महत्व, काठमाडौं स्कुल अफ ल को मूल्य मान्यताहरू तथा अध्ययन पद्धतिहरू, विद्यार्थीहरूको कानून विषय अध्ययनको अनुभव तथा चुनौतीहरूका साथै प्रवेश परीक्षाको पद्धति जस्ता विषयमा विस्तृत जानकारी दिइने हुनाले सम्बन्धित सबैलाई यस अनुशिक्षण कार्यक्रममा सहभागिता जनाउनु हुन हार्दिक अनुरोध गरिन्छ ।

### अनुशिक्षण (ORIENTATION) कार्यक्रम सम्बन्धी जानकारीः

- अनुशिक्षण कार्यक्रमको प्रत्येक सत्रमा बढिमा ४० जना सहभागीलाई मात्र सहभागी गराइने छ र सो सहभागीहरुलाई कार्यक्रम पश्चात कलेजका परिसरको भ्रमण समेत गराइनेछ।
- अनुशिक्षण कार्यक्रममा सहभागीको निम्ति अनिवार्य रूपमा उल्लेखित अनलाइन फारम भरी आफ्नो नाम दर्ता गर्नुपर्नेछ। सो फारम भरिसके पश्चात अनुशिक्षण कार्यक्रमको सहभागिताको निम्ति कलेज रिसेप्सनबाट सम्बन्धित व्यक्तिलाई कलेजमा उपस्थित हुनुपर्ने मिति तथा समय सम्बन्धी खबर गरिने छ ।
- अनलाइन फारम नभरी तथा कलेजबाट निर्धारित गरिएको मिति तथा समय भन्दा फरक मिति/समयमा सिधै अनुशिक्षण कार्यक्रममा सहभागीको निम्ति कलेज परिसरमा उपस्थित भएमा, सहभागिता गराइने छैन।

### प्रवेश परिक्षा फारम तथा नयाँ भर्ना सम्बन्धी थप जानकारीः

- नयाँ सत्र २०८०/८१ अन्तर्गत बि.ए. एल.एल.बि. तहका प्रवेश परीक्षा तथा नयाँ भर्ना सम्बन्धी थप जानकारी पूर्वाञ्चल विश्वविद्यालयको प्राप्त हुने निर्देशन पश्चात अर्को सूचना प्रकाशन गरी गरिनेछ ।
- अनुशिक्षण (ORIENTATION) कार्यक्रममा सहभागी नहुनुभएका आवेदकहरूको प्रवेश परिक्षा आवेदन फारम स्वत निस्क्रिय भई प्रवेश परिक्षामा सामेल हुन दिइने छैन।

**नोटः** अनुशिक्षण (ORIENTATION) कार्यक्रम सम्बन्धि केही समस्या तथा प्रश्न भएमा कलेजको रिसेप्सनमा सम्पर्क गर्नेहुन हार्दिक अनुरोध गर्दछौं।

...............................................

**सहायक प्राध्यापक रुविन श्रेष्ठ**

विभाग प्रमुख - सूचना, संचार तथा विद्यार्थी कल्याण विभाग